# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

*सानोठिमी, भक्तपुर*

## प्राविधिक एस.एल.सी.तहमा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरुको लागि प्रशिक्षार्थी रजिष्ट्रेशन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना !!!

(प्रकाशित मिति :– २०७६/०३/०८ गते आईतवार)

नेपाल सरकारको आ.व. २०७५/०७६ को वजेट तथा कार्यक्रममा व्यवस्था भए वमोजिम विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत देशभरका विपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुलाई प्राविधिक एस.एल.सी तहमा निःशुल्क अध्ययनका लागि २०७५ माघ १२ गते शनिवारका दिन भएको प्रशिक्षार्थी छनौट प्रवेश परीक्षावाट उत्तीर्ण गरी परिषद्का प्राविधिक एस.एल.सी तहमा विभिन्न कार्यक्रम संचालन गरेका विभिन्न आंगिक शिक्षण संस्थाहरुमा शैक्षिक शत्र २०७५/०७६ का लागि भर्ना भै अध्ययन गरीरहेका सम्वन्धित सवै परीक्षार्थीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि सम्वन्धित शिक्षण संस्थाहरुले परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा रकम जम्मा गरिएको वैंक भौचर सहित रजिष्ट्रेशन फाराम वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

*शर्तहरुः*

१. परिषद्वाट स्वीकृत कोटा र कार्यक्रम अनुसारको प्रशिक्षार्थीहरुबाट रजिष्ट्रेशन फाराम (CTEVT को वेभसाइटमा राखिएको) भराई फाराम साथ प्रशिक्षार्थीको विषयगत समष्टिगत सिट (CTEVT को वेभसाइटमा राखिएको) Alphabetic Order मा उल्लेख गरी समष्टिगत सिटको Hardcopy र Soft Copy (CD) एक/एक थान परिषद, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा अनिवार्य रुपमा वुझाउनुपर्ने छ । साथै रजिष्ट्रेशन फाराम साथ प्रवेश परीक्षाको नतिजाको प्रमाणित फोटोकपी संलग्न हुनु पर्नेछ । भरिएका रजिष्ट्रेशन फाराम अनिवार्य रुपमा Plastic Coated Index File मा राखि पेश गर्नुपर्ने छ । अन्यथा प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन अर्धकट्टी उपलब्ध गराईने छैन ।

२. रजिष्ट्रेशन फारामको माथिल्लो भागमा दायां पट्टिको कोठाभित्र प्रशिक्षार्थीको प्रवेश परीक्षाको नतिजा सूचिको क्रमसंख्या/पास गरेको कार्यक्रम साथै अन्यविवरण अनिवार्य भर्नुपर्ने छ । अन्यथा उक्त विवरण नभरीएका प्रशिक्षार्थीको रजिष्ट्रेशन अर्धकट्टी उपलब्ध गराईने छैन ।

३. फारामसाथ सम्वन्धित प्रशिक्षार्थीको एस.इ.इ को लब्धांक पत्र, चारित्रिक प्रमाणपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि क्रमैसंग संलग्न हुनुपर्नेछ ।

४. नेपाल बाहेक अन्य मुलुकबाट एस.इ.इ वा सो सरह उतीर्ण हुनेहरुको हकमा वोर्डको प्रमाणपत्र, लब्धांकपत्र, चारित्रिक प्रमाणपत्र, माइग्रेशन प्रमाणपत्र, समकक्षता प्रमाणपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि क्रमैसंग पेश हुनु पर्नेछ ।

५ सम्वन्धित शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी सोहि शिक्षण संस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तिर्ण गरेको सक्कल प्रवेश पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ ।

६. कुनै एक शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी अर्को शिक्षण संस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तिर्ण गरेको नतिजाको फोटोकपी, प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र र सम्वन्धित शिक्षण संस्थाको सहमति पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ ।

७. सम्वन्धित शिक्षण संस्थाहरुले परिषद् अन्तर्गत परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरमा रजिष्ट्रेशन फाराम दर्ता गराई वुझाउनु पर्नेछ । अन्यथा त्यसको जवाफदेही सम्वन्धित शिक्षण संस्थानै हुनेछ ।

८. सम्वन्धित शिक्षण संस्थाले विषयगत रुपमा प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन फाराममा एक प्रति फोटो टाँस गरी फाराम भराईसकेपछि प.नि.का ले तोकेको (CTEVT को वेभसाइटमा राखिएको) समष्टिगत सिटमा निजहरुको विवरणका साथ सोहि सिटमा फोटो भनि तोकिएको कोलममा (Column) सम्वन्धित प्रशिक्षार्थीको फोटो स्क्यानीङ (scanning) गरी राख्नुपर्नेछ । अन्यथा रजिष्ट्रेशन फाराम वुझिने छैन ।

९. सम्वन्धित शिक्षण संस्थाले प्रशिक्षार्थीहरुको शैक्षिक शत्र २०७५/०७६ को लागि प.नि.का ले तोकेको भर्ना प्रकृयाको परिधिभित्र रहेर गर्नुपर्ने छ । अन्यथा प्रकृया नपुगि भर्ना गरीएका प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन हुने छैन । साथै त्यस्ता प्रशिक्षार्थीहरुको जिम्मेवारी सम्वन्धित शिक्षण संस्थानै हुनेछ ।

१०. तोकिएको मिति भित्र रजिष्ट्रेशन फाराम नवुझाउने शिक्षण संस्थाहरुलाई परिषद्, परीक्षा नियन्त्रण कार्यालयको विनियमावली अनुसार कारवाहि गरीने छ ।

११. रजिष्ट्रेशन फाराम साथ सम्बन्धित शिक्षण संस्थाहरुले परिषद्को आर्थिक विनियमावलीको अनुसुची २१ (क) विनियम १३६ को उप-विनियम २ अनुसार प्रति प्रशिक्षार्थी नियमित रजिष्ट्रेशन शुल्क रु.५००।- (पांच सय) र विलम्व शूल्क रु.५००।- (पांच सय) गरी जम्मा रकम रु १,०००। -(एक हजार) एकमुष्ट रकम रजिष्ट्रेशन फाराम साथ परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको रा.वा. बैंक शाखामा रहेको वैक खाता नं च.हि.नं १७३००००११०१ मा रकम जम्मा गरेको वैंक भौचर संलग्नगरी वुझाउनु पर्नेछ ।

१२. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फाराम तथा रजिष्ट्रेशन शुल्क वुझाउने मिति :–

* नियमित तर्फ प्रशिक्षार्थीले सम्वन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम वुझाउने मिति :– २०७६/०३/०८ देखि २०७६/०३/२७ गते सम्म ।
* शिक्षण संस्थाले नियमित तर्फको रजिष्ट्रेशन शुल्क वैंक दाखिला गर्ने अन्तिम मिति :– २०७६/०३/२९ गते भित्र ।
* विलम्व शूल्कमा शिक्षण संस्थाले रजिष्ट्रेशन फाराम वुझने मिति :– ०७६/०३/२९ देखि २०७६/०४/१२ गते भित्र सम्म ।
* शिक्षण संस्थाले विलम्व शूल्क वैंक दाखिला गर्ने अन्तिम मिति :–२०७६/०४/१३ गते भित्र ।

१३. अन्य विस्तृत जानकारीको लागि परिषद्को परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

नोट : यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक